## मिति २०८२ साल भाद्र ९ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ४५ औं वैठकका निर्णयहरु

निर्णय नं. १

कार्यपालिकाको अघिल्लो ४५ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगति वारे छलफल तथा समीक्षा गरियो । अघिल्लो वैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

निर्णय नं. २

मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्नका लागि नगरपालिकाले हालसम्म गरेको कार्यको वागमती प्रदेश स्थित मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयबाट खटिएको अनुगमन समितिको टिमबाट अनुगमन गरी यस सम्बन्धमा नगरपालिकाबाट सम्पादन भएको कार्यको मूल्याङ्कन गरी बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्न लिखित रुपमा अनुमति प्रदान गरेकोमा वागमती प्रदेश सरकारप्रति धन्यवाद प्रदान गर्दै यही २०८२ साल भाद्र ११ गते बुधवार मनपा १ तीनलाल पार्कमा घोषणा समारोहको आयोजना गरी मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने ।

निर्णय नं. ३

मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्न यस अघि गठन भएका सबै समितिलाई परिचालन गरी आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४

मन्थली नगरपालिकाका देहायका स्थानहरुमा झोलुङ्गे पुल निर्माणका लागि वजेट व्यवस्थापन गर्न पूर्वाधार विभाग पुल्चोक ललितपुरमा अनुरोध गर्ने । साथै उक्त झोलुङ्गे पुल निर्माणका लागि नियमानुसार नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने रकम व्यहोर्ने प्रतिवद्धता समेत गर्ने ।

क) ढिकुरी झो.पु. निर्माण, मनपा ७

ख) विमिरे भदौरे माझटार झो.पु. निर्माण, मनपा ८/१०

ग) जवदे खैरेनी वफर खोला झो.पु. निर्माण, मन्थली ८/११

२०८२/०५/१० प्रमुख प्रशासकीय अधिकृत